# ठूली भेरी नगरपालिका

# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७५

प्रस्तावना

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७० बमोजिम यस ठूली भेरी नगरपालिकाको स्थानीय संचित कोष बाट केही रकम विनियोजन गरी आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यस नगरकार्यपालिकाले नगरपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिती भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक आकस्मिक कोष वाञ्छनीय भएकोले स्थापना गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ रहेको छ ।

१.२ यो कार्यविधि नगर सभा बाट स्वीकृत भएको मिति बाट लागू हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ भन्ने बुझ्नुपर्छ ।

ख. कोष भन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. कार्यपालिका भन्नाले ठूली भेरी नगरपालिकाको नगरकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. आकस्मिक कार्य भन्नाले भुकम्प, बाढी, पहिरो, आगलागी माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जिवनमा दिर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर जस्ता दिर्घरोग बाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

## ३. आकस्मिक कोषमा जम्मा गरीएको रकम

३.१ नगरपालिकाको संचित कोष बाट पहिलो पटक रु. २०,००,००। अक्षरुपी दुई लाख मात्र झिकी त्यस्तो रकम आकस्मिक कोषमा जम्मा गरिएको छ ।

# परिच्छेद २

# कोषको अवधारणा, लक्ष्य, उदेश्य र नीति

## ४. अवधारणा

ठूली भेरी नगरपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृजित विपद बाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु ल्गायत अप्रत्याशित घटनामा पनि अंग भंग भएकाहरुलाई पहिचान गरी राहत सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

## ५. लक्ष्य

प्राकृतिक तथा मानव सृजित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंग भंग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशित स्थितीमा गरिने कार्यहरु गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

## ६. उदेश्य

६.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

६.२ आकस्मिक वा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थतीमा तत्काल गरिने आकस्मिक कार्य गर्ने ,

## ७. नीति

७.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराई पुनः स्थापना तर्फ उन्मुख गराउने,

७.२ नगरपालिकाको कार्यक्षेत्र भित्र भइ परी आएको विशेष परिस्थितीमा तत्काल आवश्यक देखिएको कार्य गरी क्षति न्युनीकरण गर्ने,

७.३ स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परी अंग भंग हुनहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

### ८. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

८.१ कोषको लक्ष्य तथा उदेश्यहरु प्राप्तीको लागि ठूली भेरी नगरपालिका नगरकार्यपालिकाले स्वयम व्यवस्थापन गर्नेछ ।

८.२ विशेष परिस्थितीमा कार्यपालिकाको निर्णय अनुशार कोषबाट रकम खर्च गरिनेछ ।

८.३ बुदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोष बाट रकम खर्च गर्न सकिने छैन ।

## परिच्छेद ४

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

### ९. कोषको वित्तिय व्यवस्थापन

९.१ कोषमा देहायका रकमहरु रहने छन :

क) नगरसभा बाट आकस्मिक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम

ख) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार अन्य स्रोतहरु बाट कोषलाई प्राप्त हुने रकम,

### १०. कोषको आर्थिक व्यवस्था

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

### ११ प्रशासनिक व्यवस्था

कोषको प्रशासनिक तथा आर्थिक कारोबार नगरकार्यपालिकाको कर्मचारी बाट नै संचालन गरिनेछ ।

## परिच्छेद ५

## विविध

### १२. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने

नगरपालिकाले नगरसभा बाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकममा आवश्यक्ता अनुशार बृद्धि गराउन सक्नेछ ।

## १३. जाँच पास तथा फरफारक

कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

## १४. कार्यविधिको संसोधन

यस कार्यविधिलाई नगरकार्यपालिकाले आवश्यक देखेमा संसोधन गर्नेछ ।

## १५. बचाउ र खारेजी

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचालित कानुन संग बाझिन गएमा बाझिएको हकमा स्वत खारेज भएको मानिनेछ ।

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा नगरकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व नगरकार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।

समाप्त